# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, वैशाख ३० गते २०५० साल (अतिरिक्ताङ्क ८

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट गणतन्त्र भारतको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा विक्रम सम्वत् २०५० साल वैशाख ३० गते देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

महामहिम राष्ट्रपति डा. शंकर दयाल शर्माको मैत्रीपूर्ण निमन्त्रणामा छिमेकी मित्रराष्ट्र गणतन्त्र भारतको राजकीय भ्रमण पूरा गरी आज स्वदेश फर्कदा हामीलाई खुशी लागेको छ।

भारतमा भएको हाम्रो स्वागत र आतिथ्यका लागि हामी भारतका राष्ट्रपति, प्रधानमन्त्री, केन्द्रीय सरकार, तामिलनाडु र उडिसाका राज्य सरकारहरू एवं मैत्रीपूर्ण भारतीय जनतालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। राजकीय भ्रमणका अवसरमा हामीलाई प्राप्त भएको स्वागत र सद्भावनालाई हामीले नेपाल र नेपालीप्रति मित्रराष्ट्र भारतको सम्मान र शुभेच्छाको अभिव्यक्तिको रूपमा लिएका छौं।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भारतमा रहँदा हामीले भारतका राष्ट्रपति तथा प्रधानमन्त्री लगायत विभिन्न नेताहरूसँग भेटघाट गर्ने सुअवसर पायौं । महामहिम प्रधानमन्त्री पी.भी. नरसिंह रावको नेतृत्वमा भारतले विभिन्न क्षेत्रहरूमा अपनाएका नीतिहरू र हासिल गरेका प्रगतिबारे अवगत गर्ने मौका पनि पायौं । साथै श्री जगन्नाथजीको दर्शन गर्ने र कान्चीकामाकोटी पीठका परमाचार्यको शतवार्षिकीको उपलक्ष्यमा उहाँलाई अभिवादन गर्ने सुअवसर पनि हामीले पायौं ।

यस राजकीय भ्रमणले नेपाल अधिराज्य र गणतन्त्र भारत बीच रहिआएको परम्परागत मैत्रीपूर्ण सम्बन्ध तथा सद्भावना दुवै देशहरूको दीर्घकालीन हितमा अ[illegible] सुदृढ गर्न योगदान पुन्याएको कुरामा हामी विश्वस्त छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राज-प्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव र सदस्यहरू लगायत आ-आफ्नो क्षेत्रबाट सहयोग पुन्याउने सबै देशवासीहरूलाई धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
22